सरकार
तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
मकवानपुर, नेपाल

# सौर्य सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

**प्रस्तावना:** प्रदेश नम्बर तीन जलश्रोतमा धनी भएता पनि अझै दुई तिहाई भू-भागमा भरपर्दो सिंचाई सुविधा पुग्न छैन। नदी र अन्य जलक्षेत्रसंग जोडिएका थुप्रै खेतीयोग्य समथल टार भूमिमा सिंचाई सुबिधा पुर्याउन नसक्दा उच्च उत्पादन सम्भावना भएका त्यस्ता जमिनबाट कृषकहरुले लाभ लिन सकिरहेका छैनन । यसरी नदी, खोला-नाला वा अन्य जलस्रोतहरुमा खेर गई रहेको पानीलाई सौर्य प्रविधिमा आधारित साना प्रकृतिका लिफ्ट सिंचाई मार्फत जलक्षेत्रसंग जोडिएका खेतीयोग्य समथर टार लगायात अन्य क्षेत्रहरुमा सिंचाईको सुविधा विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"सौर्य सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-,

(क) **"उपभोक्ता"** भन्नाले सौर्य सिंचाई योजनाबाट लाभान्वित कृषक, कृषक समूह, कृषि सहकारी, नीजि फार्मलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले सौर्य सिंचाई योजनाका लागि सूचना जारी गरी कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय अन्तर्गतका निकायहरू सम्झनु पर्दछ।

(ग) **"केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि बिकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नं. तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ३ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"सौर्य सिंचाई प्रणाली"** भन्नाले सिंचाई गर्नुपर्ने क्षेत्र भन्दा कम उचाईमा रहेको पानीको श्रोतबाट सौर्य उर्जाको उपयोग गरी सिंचाई प्रणाली निर्माण गर्ने वा फाँटहरुमा सौर्यशक्तिको आधारमा सिंचाइ गर्ने सम्बन्धिको योजनालाई सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उदेश्य देहाय बमोजीमको हुनेछ:-

(क) सौर्य सिँचाई मार्फत कृषि योग्य जमिन( खाद्यान्न, तरकारी, फलफूल माछा आदि)मा सिंचाई सुविधा उपलब्ध गराएर कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने,

(ख) सिंचित क्षेत्रफल विस्तार गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन

४. **कार्यक्रम सञ्चालन** : (१) यो कार्यक्रम प्रदेश नं. ३ भर लागू हुनेछ । तर यस कार्यविधिलाई आधार मानि सूचना प्रवाह गर्दा जुन जुन जिल्लाहरु वा स्थानीय तहहरु उल्लेख भइ प्रस्ताव आव्हान हुन्छ तिनै जिल्लाहरु वा स्थानीय तहहरु लागू भएको मानिनेछ ।

५. **आपूर्तिकर्ताको सूचिकृत गर्ने:** (१) निर्देशनालयले कम्पनि ऐन, २०६३ बमोजिम दर्ता भएका निजी कम्पनीहरु/फार्महरु सूचिकृत गर्नलाई तीस दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा (१) अनुसार सूचिकृत हुन चाहने कम्पनी/फार्महरुले दरभाउ सहितको सिलबन्दी दररेट पेश गर्नु पर्नेछ। यसरी पेश गर्दा Head(m) र Discharge(L/day) अनुसार पेश गर्नु पर्नेछ। तर यसरी पेश हुन आएको दररेट उर्जा मन्त्रालय अन्तर्गतको वैकल्पिक उर्जा प्रवर्द्वन केन्द्रको सौर्य सिंचाई प्रणालीमा तोकिएको अधिकतम मूल्य भन्दा वढी भएमा उर्जा प्रवर्द्वन केन्द्रको मूल्यलाई अधिकतम मूल्य कायम गरिनेछ। सूचिकृत हुन चाहने कम्पनि/फार्मले अनुसूची -१ बमोजिकको शर्तहरु पालना गर्नु पर्नेछ ।

(३) निर्देशनालयले आपूर्तिकर्ता सूचिकृत गरी आपूर्तिकर्ताको नाम, ठेगाना, सम्पर्क नं., आपूर्तिकर्तोले आपूर्ति गर्ने प्रणालीको स्पेसिफिकेसन र अधिकतम मूल्य सहितको सूची मातहतका कृषि ज्ञान केन्द्रमा पठाउनु पर्नेछ ।

६. **सूचना प्रवाह:** (१) सौर्य सिंचाई योजना सञ्चालन गर्न निर्देशनालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाईको किसिम र बजेटको परिधी खुलाई कृषक/समूह/सहकारी/नीजि फार्मका लागि तीस दिने सूचना राष्ट्रिय पत्रिकामा प्रकाशन गर्नेछ ।

(२) सूचनामा तोकिएको म्याद भित्र कृषक/समूह/सहकारी/नीजि फार्मले सौर्य सिंचाई कार्यक्रम सञ्चालन गर्न अनुसूची -२ अनुसार तोकिएका कागजात सहित अनुसूची -३ बमोजिमको माग फारम र अनुसूची -४ अनुसारको प्रतिवद्वता गरी सम्बन्धित कृषि ज्ञान केन्द्र वा निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(३) प्राप्त सक्कलै निवेदनहरु सम्बन्धित ज्ञान केन्द्रले संकलन गरी सकभर ७ दिन भित्र निर्देशनालयमा पठाउनु पर्नेछ ।

७. **सिंचाई योजनाको छनौट प्रक्रिया:** (१) योजना छनौट गर्नु अघि अनुसूची -५ अनुसारको कुराहरुमा सकेसम्म ध्यान दिनुपर्ने छ ।अनुसूची -६ बमोजिमको मापदण्डको आधारमा



मा. दावा दोर्जे लामा
मन्त्री

सिंचाई आयोजना छनौट गरी स्वीकृतिको लागी निर्देशनालयमा पेश गर्न देहाय वमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) निर्देशक वा वा निजले तोकेको वरिष्ठ अधिकृत, निर्देशनालय — संयोजक
(ख) बाली हेर्ने अधिकृत, निर्देशनालय — सदस्य
(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय — सदस्य
(घ) इन्जिनियर, निर्देशनालय — सदस्य
(ङ) प्रमुख, खरिद इकाई, निर्देशनालय — सदस्य-सचिव

(२) छनौट भएका सिंचाई प्रणालीहरुको सूची निर्देशनालयले मातहतका ज्ञान केन्द्रहरुमा कार्यान्वयनका लागी पठाउनु पर्नेछ। सूची पठाउदा मुख्य र वैकल्पिक गरी पठाउनु पर्नेछ ।

(३) कृषि ज्ञान केन्द्रहरुले छनौट भएका सिंचाई प्रणालीको निर्माण र सञ्चालन कार्य प्रचलित कानुन बमोजिम उपभोक्तासँग अनुसूची -७ बमोजीम द्विपक्षीय सम्झौता गरी गराउनु पर्नेछ । यसरी सम्झौता गर्दा गुणस्तरलाई मध्यनजर राखी कम्तीमा पनि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सौर्य सिंचाई प्रणालीमा तोकिएको गुणस्तर हुने गरी गर्नु पर्नेछ ।सम्झौता गर्दा निर्देशनालयले निर्माण कार्य सम्पादन गर्दा हुन आउने रकमको बढीमा ८०% मात्र उपलब्ध गराउने छ ।साथै सम्झौता भएको १ महिना भित्र कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

८. <u>कार्यक्रम प्राथमिकता क्षेत्रः</u> (१) सौर्य सिंचाई कार्यक्रम सञ्चालन गर्दा मझौला र ठूला सिंचाई आयोजनाहरु सञ्चालन नभएका र तत्काल सञ्चालन हुने सम्भावना पनि नभएका क्षेत्रहरुलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ ।

(२) सौर्य सिंचाई कार्यक्रम संचालन गर्दा अन्य सिंचाई प्रणाली पुग्न नसक्ने जमिन/खेतीमा प्राथमिकता दिईनेछ ।

(३) सिंचाईका लागि पानीको श्रोत भएको र सिंचाई सुविधा विस्तार गर्दा व्यवसायिक कृषिको विकासमा टेवा पुर्याउने क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

९. <u>भुक्तानी प्रक्रियाः</u> (१) उपभोक्ताले एक बिघा सम्मको लागि १ लाख लिटर/दिन पानीको मेशिनरी जडान गर्नुपर्नेछ, त्यसै गरी २ बिघा सम्मको लागि २ लाख लिटर/दिन पानी, ३ बिघा सम्मको लागि ३ लाख लिटर/ दिन पानी र सो भन्दा माथिको लागि ४ लाख लिटर/दिन पानीको मेशिनरी जडान गर्नुपर्नेछ ।

(२) सौर्य सिंचाई योजनाका उपभोक्तालाई रकम भुक्तानी गर्दा योजनाको प्रकृति अनुसार बढीमा २ पटक सम्ममा भुक्तानी दिइनेछ वा कार्य सम्पादन गरी एकै पटक भुक्तानी दिन सक्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

(२) एकैपटक भुक्तानी दिनुपर्ने अवस्थामा योजनाको कार्यसम्पन्न प्रतिवेदन तयार पारी उपभोक्ताले पेश गरेको निवेदन र प्राविधिकबाट तयार गरिएको प्रतिवेदन र सिफारिसका साथ भुक्तानी दिन ज्ञान केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ ।

(३) निर्देशनालयले सौर्य सिंचाई योजनाको लागि रकम भुक्तानी गर्दा उपभोक्ता वा नीजले सिफारिस गरेको सूचीकृत आपुर्तीकर्ताको बैंक खातामा जम्मा हुने गरी ज्ञान केन्द्रबाट प्राप्त भएको मितिले सकभर ७ दिन भित्र भुक्तानी गरिनेछ ।

(४) प्राविधिकले प्रतिवेदन तयार गर्दा सम्झौता अनुरुपको गुणस्तर भए नभएको तथा सामान गुणस्तरीय प्रयोग भए नभएको एकिन गर्नेछ ।साथै २ वर्षको ग्यारेन्टी ( मर्मत/संभार गर्ने) हुनु पदर्छ।

(५) उपभोक्ता समितिले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

१०. <u>कन्टिन्जेसन्सी</u>: लागत अनुमान तयार गर्दा अनुमान अंङ्कको १ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ । सो रकम सूचना प्रकाशन गर्न, अनुगमन गर्न र बैठकमा खर्च गरिनेछ ।

११. <u>अनुगमन, मूल्याङ्कन र योजना हस्तान्तरण</u>: (१) सौर्य सिंचाई योजनाको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रहरुबाट गरिनेछ ।

(२) योजना सम्पन्न भैसकेपछि सोको मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताको हुनेछ ।

## परिच्छेद -४
## <u>विविध</u>

१२. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१३. <u>संशोधन</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१४. <u>कारवाहीको व्यवस्था</u>: साझेदारले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -१
(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

**<u>आपूर्तिकर्ता छनौटका लागी शर्तहरु/मापदण्डहरु</u>**

१. दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि (आवश्यक भएमा)
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
६. आधिकारिक एजेन्टको ( Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
७. सौर्य सिंचाई सम्बन्धि उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets,
८. आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपि(भएमा)
९. २ वर्षको ग्यारेन्टी,
१०. पम्मको टाईप डिसी हुनु पर्ने ।

अनुसूची -२

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु

क) व्यक्तिगत वा सामूहिक उपभोक्ताको लागि:

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२. लालपूर्जाको प्रतिलिपी/करारनामाको प्रतिलिपी

३. आफूले भाडामा जग्गा लिई खेती गरिरहेको भएमा न्यूनतम १० वर्षको लागि भाडामा लिएको सम्झौता पत्रको प्रमाण

४. सामूहिक सिंचाई योजनाको लागि व्यक्तिगत उपभोक्ताहरु सबैको संयुक्त निवेदन

५. स्थानीय निकायको सिफारिस पत्र (सम्भव भएमा)

ख) संस्थागत/नीजि फर्मको लागि:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी

२. संस्थाको नविकरण गर्नुपर्ने अवस्थामा नविकरणको प्रमाणपत्रको प्रतिलिपी

३. संस्थाको स्थायी लेखा नम्बर

४. संस्थाको बैठकबाट योजना माग गर्न गरिएको निर्णय प्रतिलिपी

५. संस्थाको तर्फबाट निवेदन दिने पदाधिकारीलाई प्रदान गरिएको अख्तियारी पत्र

६. पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १ प्रति

७. लालपूर्जाको प्रतिलिपी वा करारनामाको प्रतिलिपी

८. ऐलानी जग्गाको हकमा स्थानीय निकायलाई शुल्क बुझाएको प्रमाणको प्रतिलिपी र स्थानीय निकायको सिफारिस पत्र

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -३

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

**अनुदानमा सिंचाई योजना सञ्चालन गर्नको लागि दिइने आवेदन फारम**

. उपभोक्ताको विवरण:

क. व्यक्तिगत सौर्य सिंचाईको हकमा

१. कृषकको नामः ..........................नागरिकता प्र.प.नं. ...............जारी मितिः ..........

स्थायी ठेगाना:जिल्ला .................... उपमहानगर/नगर/गाउँपालिका ..........................

वडा नं. ................................. टोलः .....................

२. समूह/ संस्थागत /निजी फार्म सौर्य सिंचाईको हकमा:

संस्थाको नामः ................................

दर्ता नं. ..................... दर्ता मितिः .............................दर्ता गर्ने संस्था: .................

स्थायी ठेगाना:जिल्ला .................... उपमहानगर/नगर/गाउँपालिका .. ......................

वडा नं. ................................. टोलः .....................

३. सम्पर्क व्यक्तिको नामः .............................. मोवाइल नं. ..................

४. लाभान्वित कृषक परिवार संख्याः .....................

५. सिंचाईको लागि पानीको श्रोत

(क) नदी, खोला,खोल्सा (ख) सानो पानीको मुहान(ग) इनार/कुवा (घ) भूमिगत

६. सौर्य सिंचाई योजनाबाट सिंचाई हुनसक्ने जग्गाको क्षेत्रफलः ...............

७. सिंचाई गरिने जग्गामा हाल खेती गरिएका बालीहरुः ..................................................

.........................................................................................................................

८. सिंचाई योजनाको लागि जनसहभागिता जुट्न सक्ने वा नसक्ने:

(क) सक्ने (ख) नसक्ने

९. जनसहभागिता जुट्न सक्ने भए प्रतिशतमा:

(क) २० प्रतिशत (ख) २० देखि २५ प्रतिशत सम्म (ग) २५ प्रतिशत भन्दा बढी

१०. कृषकले Head(m) र Discharge(L/day) खुलाउनु पर्नेछ।

(क) Head (m)...........

(ख) Discharge (L/day). .................

माथि पेश गरिएको विवरणहरु ठीक साँचो छन् झुट्टा ठहरी कानुनी कारवाही भएमा सजाय भोग्न राजी छु /छौं ।मलाई /हामीलाई सौर्य सिंचाई निर्माण योजना उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

निवेदकको सही.......................

मितिः.................................

संस्थाको छाप

मा. बाबा दोर्जे लामा
मन्त्री

अनुसूची -४

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

..........................................................निर्देशनालयको मिति............................को सूचना अनुसार .......................................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**अनुदानग्राहीको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -५

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**योजना छनौट गर्नु अघि ध्यान दिनुपर्ने कुराहरु**

१. कृषक/कृषक समूह/ सहकारी संस्था/नीजि फार्म र उपभोक्ता समितिहरुको लागि योजना छनौट गर्दा नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवं प्रक्रियाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले क्रियाशील रहेकालाई प्राथमिकता दिनुपर्नेछ ।

२. सौर्य सिंचाईको माध्यमवाट व्लक तथा पकेट क्षेत्र विस्तार गरी सामुहिक रुपमा व्यवसायिक खेतीमा लागेका लाई प्रोत्साहन गर्ने ।

३. जनसहभागिताको आधारमा स्थानीय श्रोतको बढी परिचालन गर्ने सक्षम उपभोक्ता समिति वा कृषक/कृषक समूह/सहकारी/नीजि क्षेत्रलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने ।

४. सामूहिक सिँचाइका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालिन सिँचाई व्यवस्था गर्ने ।

५. दलित, चेपाङ्ग, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका समूहहरुको हित बढी हुनुपर्ने।

६. महिला कृषक समूहहरुको सहभागिता हुने गरी छनौटमा प्राथमिकता दिने ।

७. आयमूलक कृषि व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरुमा सिँचाई सुविधा पुर्याउने ।

८. यथासम्भव निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्ने ।

९. बाढी पहिरो आदिले क्षति पुर्याएका चालु सिँचाई कुलाहरुमा स-लिफ्ट तथा सौर्य सिचाई दुरीमा ह्यूम पाइप र पोलिथिन पाइप व्यवस्था गरी तत्कालिन सिँचाई समस्या समाधान गर्ने

१०. सहकारीसंस्था/उपभोक्ता समिति/कृषक समूह/नीजि क्षेत्रहरुबाट कार्यक्रमको लागि जायज माग आउनुपर्ने र तिनको कार्यान्वयनमा अनिवार्य सहभागिता हुनुपर्ने ।

११. प्रतिकूल वातावरणीय असर न्यून पार्ने किसिमका योजनाहरुलाई प्रोत्साहित गर्ने ।

१२. सम्भव भएसम्म सिँचाइ कार्यक्रम हेर्ने अन्य निकायहरुसँग समन्वय राखी दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने र

१३. छनौट भएका योजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -६

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

## सौर्य सिंचाई आयोजना छनौटका लागि मूल्याङ्कन सूचकहरु

आयोजनाको नाम:

ठेगाना: सम्पर्क व्यक्तीको नाम: मोबाईल नं.

| क. सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | **सिंचाई क्षेत्रको बिस्तार** | २५ | आवेदकले पशे गर्नु पर्ने । |
| १.१ | १ हे भन्दा कम | १७ | |
| १.२ | १ हे देखि २ हे | २० | |
| १.३ | २ हे देखि ३ हे | २३ | |
| १.४ | ३ हे भन्दा बढी | २५ | |
| २ | **सिंचाईबाट लाभान्वित परिवार संख्या** | १० | आवेदकले पशे गर्नु पर्ने । |
| २.१ | १ परिवार | ७ | |
| २.२ | २ देखि ३ परिवार | ८ | |
| २.३ | ३ देखि ४ परिवार | ९ | |
| २.४ | ४ परिवार भन्दा वढी | १० | |
| ३ | **सिंचाई आयोजनाको लागि आवश्यक लागत** | १० | |
| ३.१ | ५ लाख भन्दा कम | १० | |
| ३.२ | ५ देखि ७ लाख सम्म | ९ | |
| ३.३ | ७ देखि ८ लाख | ८ | |
| ३.४ | ८ लाख भन्दा बढी | ७ | |
| ४ | **प्रस्तावकको आर्थिक क्षमता** | २० | बैक Balance वा Letter of Bank intent |
| ४.१ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने क्षमता भएको | २० | |
| ४.२ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना देखिएको | १८ | |
| ४.३ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना न्यून देखिएको | १५ | |
| ५ | **सिंचाईबाट हुने फाइदा** | २० | |
| ५.१ | कृषि व्यवसायीकरण तर्फ उन्मुख क्षेत्रमा टेवा पुग्ने | १५ | |
| ५.२ | निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्ने | १८ | |
| ५.३ | बृहत उत्पादन क्षेत्रमा टेवा पुग्ने | २० | |
| ६ | **सिंचाईका लागि पानीको श्रोत** | १५ | आवेदकले पशे गर्नु पर्ने । |
| ६.१ | आकाशे पानी संकलन/हिउँ संकलन | १० | |
| ६.२ | मुहान | ११ | |
| ६.३ | भूमिगत जल | १३ | |
| ६.४ | खोला र नदी | १५ | |

नोट: छनोटको लागि न्युनतम ५० अंक प्राप्त गर्नुपर्नेछ।

मा. दावा दोर्जे लामा
मन्त्री